# नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.

**NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**केन्द्रीय कार्यालय : बनेपा-८, पुलबजार, काभ्रेपलाञ्चोक**

**कर्पोरेट कार्यालय : मध्यपुर थिमी-१, लोकन्थली, भक्तपुर**

फोन : ०१-५९२८१६१, ५९२८१६२

Email: info@nerudemirmire.com.np, Website: www.nerudemirmire.com.np


## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक गरिएको विवरण (आ.व. २०८२/८३ को चौथो त्रयमाससम्म)

(१) **निकायको स्वरुप र प्रकृति** : कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था ।

(२) **निकायको काम, कर्तब्य र अधिकार** : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिम काम, कर्तव्य र अधिकार रहेको छ ।

(३) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** : यस संस्थामा हाल कार्यरत कर्मचारी संख्या १,०३५ रहेको छ। संस्थाले तोकेका कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भैरहेको छ। व्यवस्थापन समुहको नाम र पद यस संस्थाको वेबसाइट www.nerudemirmire.com.np मा हेर्न सकिनेछ ।

(४) **निकायबाट प्रदान गरिने सेवा** : बैंक तथा वित्तीय सेवा सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गको वित्तिय संस्थाहरुले प्रदान गर्न सक्ने सम्पूर्ण वित्तीय सेवाहरु ।

(५) **सेवाप्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** : सेवाप्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको आधिकारिक वेबसाईट : www.nerudemirmire.com.np उपलब्ध छ ।

(६) **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि** : यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको आधिकारिक वेबसाईट : www.nerudemirmire.com.np मा उपलब्ध छ ।

(७) **निर्णय गर्ने प्रकृया र अधिकारी** : संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ। नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा निजले अख्तियार प्रदान गरेको अधिकारीहरु निर्णयकर्ताको रुपमा रहेका छन् भने नीतिगत निर्णयहरु संचालक समितिबाट हुने गरेको छ ।

(८) **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : ग्राहकको गुनासो, उजुरी सुन्नको लागि तपशिल वमोजिम सुनुवाई अधिकारी तोकिएको छ। साथै, गुनासो, उजुरी तथा सुझाव संकलनको लागि प्रत्येक कार्यालयमा सुझाव पेटिका राखिएको छ।
**नाम** : पवन कुमार श्रेष्ठ
**पद** : नायब कार्यकारी प्रमुख
**ठेगाना** : नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
**केन्द्रीय कार्यालय** : बनेपा नगरपालिका वार्ड नं. ८, पुलबजार, काभ्रेपलाञ्चोक
**कर्पोरेट कार्यालय** : मध्यपुर थिमी नगरपालिका वार्ड नं. १, लोकन्थली, भक्तपुर फोन नं. : ०१-५९२८१६१, ५९२८१६२, Email : info@nerudemirmire.com.np

(९) **सम्पादन गरेको कामको विवरण** : बैंक तथा वित्तीय सेवा सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्ग अन्तर्गतका वित्तीय संस्थाहरुले सम्पादन गर्न सक्ने सम्पूर्ण वित्तीय कारोवारहरु सम्पादन भइरहेका छन् ।

(१०) **सूचना अधिकारीको नाम र पद** : सदस्यहरुलाई आवश्यक सूचना प्रदान गर्न तपशिल वमोजिमको अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।
**नाम** : दिनेश कटुवाल
**पद** : सहायक कार्यकारी प्रमुख
**ठेगाना** : नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
**केन्द्रीय कार्यालय** : बनेपा नगरपालिका वार्ड नं. ८, पुलबजार, काभ्रेपलाञ्चोक
**कर्पोरेट कार्यालय** : मध्यपुर थिमी नगरपालिका वार्ड नं. १,लोकन्थली, भक्तपुर फोन नं. : ०१-५९२८१६१, ५९२८१६२, Email : info@nerudemirmire.com.np

(११) **ऐन, नियम, विनियम र निर्देशिकाको सूची** : नेपाल राष्ट्रबैंकले निर्दिष्ट गरेका विनियमहरु तथा संस्थाको लागि आवश्यक अन्य नीति, नियम, निर्देशिका तथा कार्यविधीहरु तयार गरी लागु गरिएको छ ।

(१२) **आम्दानी, खर्च, तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण** : संस्थाको आम्दानी, खर्च, तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ। साथै, संस्थाको वेबसाईट : www.nerudemirmire.com.np मा समेत राखिएको छ ।

(१३) **संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
**नाम** : केशव कुमार पौडेल
**ठेगाना** : नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
**केन्द्रीय कार्यालय** : बनेपा नगरपालिका वार्ड नं. ८, पुलबजार, काभ्रेपलाञ्चोक
**कर्पोरेट कार्यालय** : मध्यपुर थिमी नगरपालिका वार्ड नं. १, लोकन्थली, भक्तपुर फोन नं. : ०१-५९२८१६१, ५९२८१६२, Email : info@nerudemirmire.com.np

(१४) **अघिल्लो आर्थिक वर्षमा आयोजना गरिएको कार्यक्रम** : वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठि, ग्राहक सदस्यहरुको गोष्ठि ।

(१५) **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण** : www.nerudemirmire.com.np

(१६) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण** : हालसम्म संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता गरेको छैन ।

(१७) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:** राष्ट्रियस्तरको पत्रपत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ । साथै, संस्थाको वेवसाइट www.nerudemirmire.com.np मा समेत रहेको छ ।

(१८) **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि** : हाललाई सूचना वर्गिकरण नगरिएको ।

(१९) **सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरण** : हालसम्म संस्थामा सूचना माग सम्वन्धी निवेदन प्राप्त नभएको ।

(२०) **सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण** : संस्थाको बार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई संस्थाको वेवसाइटमा समेत प्रकाशन गर्ने व्यवस्था गरिएको छ। साथै, संस्थाको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गरी संस्थाको वेबसाईट www.nerudemirmire.com.np मा समेत राखिएको छ ।